## अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ९ संख्या : ११ मिति : २०८३/०२/२७


## भाग-२

## अन्नपूर्ण गाउँपालिका

### छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/१२/१७

# **छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**

## प्रस्तावना

गाउँपालिका भित्रका बालिका, अपाङ्गता तथा सीमान्तकृत र जोखिममा रहेका बालिकाहरुको बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरि लैंगिक हिंसामा कमी ल्याउने, सामाजिक एंव पारिवारीक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउने, बालविवाह न्यूनिकरण तथा रोकथाम गर्ने उद्देश्यका साथ अन्नपूर्ण गाउँपालिका भित्र जन्म लिने सबै बालिकाहरुको नाममा एक सुरक्षा कोष स्थापना र सञ्चालन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) "उपाध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(३) "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(४) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, म्याग्दी सम्झनु पर्दछ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(६) "सामाजिक विकास समितिका संयोजक" भन्नाले गाउँ कार्यपालिका अन्तरगतको कार्यालयमा सामाजिक विकास समितिका संयोजक सम्झनु पर्दछ ।

(७) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

(८) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, म्याग्दीलाई सम्झनु पर्दछ ।

(९) "संविधान" भन्नाले नेपालको संविधान लाई सम्झनु पर्दछ।

(१०) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(११) "कार्यविधि" भन्नाले अन्नपूर्ण गाउँपालिका द्वारा जारी गरिएको शिशु (छोरी) जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(१२) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरीको बाबु वा आमा वा दुवैलाई सम्झनु पर्दछ ।

(१३) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तीलाई सम्झनु पर्दछ ।

(१४) "बालिका" भन्नाले २०८२ श्रावण पछि जन्म लिएको १० वर्ष उमेर नपुगेको, निजको बाबुआमा यसै गाउँपालिकाको स्थायी बासिन्दा बाट जायजन्म भएको शिशु (छोरी) सम्झनु पर्दछ ।

(१५) "खातावाला" भन्नाले छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम अन्तरगत खाता खोलिएको छोरीलाई सम्झनु पर्दछ ।

(१६) "अनुगमन समिति" भन्नाले गाउँपालिकाको अनुगमन समिति सम्झनु पर्दछ ।

(१७) "सिफारिस" भन्नाले जननिर्वाचित सम्बन्धित वडाको वडा अध्यक्षले हस्ताक्षर गरेको सिफारिस पत्र सम्झनु पर्दछ ।

(१८) "सम्झौता" भन्नाले गाउँपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौतालाई सम्झनु पर्दछ ।

(१९) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त गरि अन्नपूर्ण गाउँपालिका, म्याग्दी अन्तरगत शाखा कार्यालय रहेको वाणिज्य बैंक/बिकास बैंकको शाखा वा गाउँपलिकाले बैंकिङ्ग कारोबार गरि रहेको बैंकलाई सम्झनु पर्दछ ।

## ३. उद्देश्यः-

क) लैंगिक हिंसा न्यूनिकरण गर्ने,

ख) भ्रुण हत्याको रोकथाम गर्ने,

ग) बालविवाह न्यूनिकरण गर्ने,

घ) संस्थागत सुत्केरी प्रवर्द्धन गर्ने,

ङ) गाउँपालिका भित्र रहेका सबै बालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याउने तथा बालिका शिक्षा र समावेशी शिक्षाको प्रवर्द्धन गर्ने ।

## परिच्छेद-२

## छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम

**४. कार्यक्रममा आवद्ध हुनेः** (१) संवत् २०८२ साल श्रावण १ गते वा सो मिति भन्दा पछि जन्मेका बालिका मात्र यस कार्यक्रममा आवद्ध हुन सक्नेछन् । बालिकालाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता र आवश्यक अन्य कागजातहरु संलग्न गरी गाउँपालिकामा अनुसूची -१ बमोजिमको ढाचाँ निवेदन दिनु पर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँच बुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुर्याई कार्यक्रम अन्तर्गत खाता खोल्नको लागि कागजात सहित सम्बन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस गरि पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नं. सहितको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ।

(४) सम्बत् २०८२ श्रावण १ गते वा सो मिति पछि जन्मिएका बालिकालाई कार्यक्रममा आवद्ध गर्नु निजका अभिभावकको कर्तव्य हुनेछ ।

**५. गाउँपालिकाले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुनेः** (१) २०८२ श्रावण १ गते वा सो मिति पछि जन्मिएका अन्नपूर्ण गाउँपलिका, म्याग्दी भित्रका बालिकालाई छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम अन्तरगत निज बालिका १६ वर्षको हुँदा सम्म अन्नपूर्ण गाउँपालिका, म्याग्दीले एकमुष्ठ १०,०००।— (अक्षरुपी दश हजार रुपैंया मात्र) बैंक खातामा जम्मा गरि दिनुपर्छ यसरी उपलब्ध गराउने रकम गाउँपालिकाले आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ ।

(२) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला, निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन।

(३) उपदफा (१) बमोजिम रकम एक दम्पत्तीको बढीमा दुई बालिकालाई मात्र उपलब्ध गराइनेछ । तर जुम्ल्याहा सन्तानको हकमा यो सिमा लागु हुने छैन ।

**६. खातावालाले पाउने सेवा सुविधा सम्बन्धि व्यवस्थाः** (१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा सम्बन्धित गाउँपालिका र सेवा प्रदायक संस्था बीचको सम्झौता बमोजिम हुनेछ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने व्याज तथा अन्य सुविधाहरु व्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ ।

**७. खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धि व्यवस्थाः** (१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावाला १६ वर्ष पुरा भएको र कक्षा १० वा SEE वा सो सरह पुरा गरेको प्रमाण सहितको निवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ । यस्तो निवेदन प्राप्त भए पछि गाउँपालिकाले रकम भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लेखि पठाउनेछ । गाउँपालिकाबाट लेखि आए पछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको व्यहोरा आफ्नो अभिलेखमा जनाई राखु पर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्था त्यस्तो व्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा छोरीको कक्षा १० वा SEE वा सो सरह शिक्षा पुरा नहुदै पनि खातामा रहेको रकम भुक्तानीको लागि सम्बन्धित गाउँपालिकामा निवेदन दिन सक्नेछ । गाउँपालिकाले बुझ्दा सो व्यहोरा पुष्टी हुन आएमा समयावधि समाप्त हुनु अगावै पनि खातामा रहेको रकम सम्बन्धित खातावालालाई भुक्तानी दिनका लागि सेवा प्रदायक संस्थालाई लिखित जानकारी गराउनेछ । यसरी जानकारी प्राप्त हुन आएमा सेवा प्रदायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षक लाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ ।

(क) खातावाला छोरीको मृत्यु भएमा वा

(ख) असाध्य वा कडा रोग लागेको वा गम्भीर प्रकृतिको अपाङ्गता भएको भनि सरकारी अस्पतालबाट प्रमाणित भइ सोही कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेको वा नसक्ने अवस्थामा भएमा वा

(ग) अभिभावक वा संरक्षक (व्यक्ति संरक्षक भएको अवस्थामा) को मृत्यु भई आर्थिक कठिनाईका कारणले विद्यालय शिक्षालाई निरन्तरता दिन वा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा ।

(४) खातावालाको समयवधि समाप्त हुनु अगावै उपदफा (३) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता रहने छैन । तर खण्ड (ख) र (ग) को अवस्थामा भने खाताको समयावधि सम्म रकम निरन्तर जम्मा भईरहनेछ ।

(५) पेश हुन आएको व्यहोरा वा कागजात र प्रमाणहरु झुट्टा वा किर्ते ठहरिएमा गाउँपालिकाले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ । यस्तो अवस्थामा खाता खोलिने छैन। खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको रकम खातावालालाई भुक्तानी गरिने छैन। यसरी झुट्टा व्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही समेत हुनेछ ।

(६) उपदफा (२) र (५) बमोजिम सम्बन्धित खातावालालाई भुक्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट गाउँपालिकाले फिर्ता लिई सोही कार्यक्रममा खर्च हुने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३
## सेवा प्राप्ति सम्बन्धित व्यवस्था

**८. सेवा प्राप्त गर्ने:** गाउँपालिकाले सेवा प्रदाय संस्था संग अनुसूची-३ मा उल्लेखित विषयहरु समेटिने गरि सम्झौता गरि कार्यक्रम अन्तरगत खाता संचालनको सेवा प्राप्त गर्नेछन् ।

**९. सम्झौता रद्द हुने:** (१) दफा ८ बमोजिम गाउँपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौता देहायको अवस्थामा रद्द हुनेछः

(क) सेवा प्रदायकले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा।

(ख) सम्झौतामा शर्त तथा यस कार्यविधि बमोजिमको व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराई सम्झौता रद्द गर्न सकिनेछ ।

(ग) गाउँपालिका बाट कुनै पनि समयमा कार्यक्रम खारेज गरिएमा सम्झौता रद्द गर्न सकिनेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क)

र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदयक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ ।

## परिच्छेद-४

## विविध

**१०. अभिलेख तथा प्रतिवेदनः** (१) गाउँपालिकाले कार्यक्रममा आवद्ध छोरीहरुको आधारभूत अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नुपर्नेछ । यसरी अध्यावधिक गरेको विवरण प्रत्येक ३/३ महिनामा पालिकाले आफ्नो वेवसाइट र सूचना पाटीमा समेत प्रकाशित गर्नुपर्नेछ ।

(२) पालिकाले प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध बालिकाको एकीकृत अभिलेख अद्यावधिक गरि राख्नुपर्नेछ ।

(३) कार्यक्रमको संचालन, प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्नका लागि पालिकाले व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ ।

**११. अनुगमन, मूल्यांकन तथा निर्देशनः** (१) कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धित वडाको हकमा सोही वडाले र समग्र रुपमा गाउँ कार्यपालिकाको कार्यालयले समेत गर्न सक्नेछ ।

(२) गाउँकार्यपालिकाले कार्यक्रम संचलानका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**१२. कार्यक्रमको समन्वय तथा खर्चको व्यवस्थापनः** (१) कार्यक्रमको संचालन गाउँपालिका र अन्य सम्बन्धित निकायसंगको समन्वय र सहकार्यमा गर्न सकिनेछ ।

**१३. लेखापरीक्षणः** यस कार्यक्रमको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. अधिकार प्रत्यायोजनः** यो कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिकालाई प्राप्त अधिकार सम्बन्धित शाखा र वडा कार्यालयलाई प्रत्यायोजन गर्ने सक्नेछ ।

**१५. बाधा अड्काउ फुकाउः-** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा गाउँकार्यपालिका बाट संशोधन हुनेछ ।

# अनुसूची-१

## (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

आवद्धताका लागि गाउँपालिकामा दिने निवेदनको ढाँचा

बालिकाको फोटो

अभिभावक तथा संरक्षकको फोटो

मितिः-

श्रीमान्, प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अन्नपूर्ण गाँउपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

विषयः- कार्यक्रममा आवद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा अन्नपूर्ण गाँउपालिकाको छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रममा सहभागी हुन मन्जुर भई आवद्धताका लागि यो निवेदन पेश गरेको छु ।

छोरीको नाम .............................................
जन्म मिति ..................................................
जन्म दर्ता नं. ...........................................
जन्म दर्ता मिति .........................................
बाबुको नाम ...............................................
आमाको नाम .............................................
बाजेको नाम ..............................................

यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. म छोरी पढाउने र कम्तीमा कक्षा १० (वा सो सरह) पुरा गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।
२. कानुनले तोकेको विवाहको उमेर भन्दा अगावै विवाह गराउने छैन ।
३. कार्यक्रमका शर्त नियम तथा निर्देशन तथा प्रतिवद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दावि गर्ने छैन।
४. म छोरा छोरी लाई लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्ने छैन।

५. यो कार्यविधी बमोजिमको अवधी वा अवस्था पुरा भएपछि प्राप्त हुने रकम बालिकाको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरि निजको उज्जवल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

६. उपरोक्त शर्तहरु पुरा नभएको अवस्थामा कार्यक्रम अन्तर्गत गाँउपालिकाले उपलब्ध गराइएको बैंक खाता रोक्का गर्न वा बन्द गरी सो खातामा भएको सम्पूर्ण रकम फिर्ता गर्न सहमती व्यक्त गर्दछु । आवेदनमा पेश भएको व्यहोरा र कागजातहरु साँचो हुन् । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक

हस्ताक्षरः

नामः

ठेगानाः

मितिः

पेश गर्ने कागजातहरुको विवरणः

१. बालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

२. अभिभावक मध्ये एक वा दुवै जनाको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

३. बालिकाको पासपोर्ट साइजको फोटो थान-१

४. अभिभावक वा संरक्षकको पासपोर्ट साइजको फोटो थान-१

५. अस्पताल वा स्वास्थ्य केन्द्र वा तालिम प्राप्त सुँडेनीको सेवा बाट प्रसुती भएको भए सम्भव भएमा सोको प्रमाणको प्रतिलिपि ।

<u>कार्यालय प्रयोजनका लागि</u>

दर्ता मितिः ..................................

व्य.सू.प्र. को कोडः ........................

कार्यक्रममा आवद्ध गराउने निर्णय भएको मितिः ................................

प्रमाणीत गर्ने अधिकारीको हस्ताक्षरः

नामः

पदः

मितिः

## अनुसूची-२

### (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

### खाता खोल्नको लागि गाउँपालिकाले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा

अन्नपूर्ण गाँउपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

मितिः

श्री प्रवन्धक ज्यू,
................................ बैंक
अन्नपूर्ण गाँउपालिका, पोखरेबगर, म्याग्दी ।

विषयः- खाता खोलिदिने बारे ।

प्रस्तुत विषयमा अन्नपूर्ण गाँउपालिकाको छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम अन्तरत देहायका व्यक्तिहरुको खाता खोलि दिनु हुन आवश्यक कागजात सहित सिफारिस गरि पठाइएको छ । निजहरुको खाता खोली खाता नं. सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

तपसिलः-

| क्र.सं. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं./मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दस्तखत.....
नामः-
पदः-

## अनुसूची-३
## (दफा ७ सँग सम्बन्धित)
## सम्बन्धित गाउँपालिका र सेवा प्रदायक संस्थाविच हुने सम्झौता

खुलाउनु पर्ने विषयहरु-

१. सम्झौताको अवधिः कार्यविधि बमोजिम रद्ध नहुँदा सम्म

२. खाता खोल्दा न्यूनतम मौज्दातः शुन्य मौज्दात

३. व्याजदरः सेवा प्रदायक संस्थाले उपलब्ध गराउन सक्ने उच्चतम व्याजदर

४. सेवा शुल्कः रकम जम्मा गर्ने/झिक्ने लगायतका अन्तर बैंक सेवा लिंदा शुल्क नलाग्ने व्यवस्था

५. सुचना आदान प्रदान तथा खातामा रकम जम्मा गर्ने सम्बन्धिः बैंकले खाता खुलेको जानकारी लगायतका सूचना गाउँपालिकालाई समयमै उपलब्ध गराउने र सो को आधारमा गाउँपालिकाले रकम जम्मा गर्नुपर्ने छ ।

अन्य विषयहरु;

## अनुसूची-४
### (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)
### गाउँपालिकाले राख्ने अभिलेखको ढाँचा

अन्नपूर्ण गाँउपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

| क.सं. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं./मिति | बाबु/आमाको नाम | खाता खोलेको बैंकको नाम | बैंक खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले,
कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत